सम्पर्क नं. : ०२५-५४००२४

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
१ नं. प्रदेश, नेपाल

प.स. २०७८/०७९
च. न..

मिति :२०७८/०७/२६

सूचना ! सूचना ! ! सूचना ! ! !

## कोभिड–१९ को महामारीबाट प्रभावित अति बिपन्न परिवारले नगद अनुदान प्राप्त गर्न निवेदन दिने सम्बन्धी सूचना"

नेपाल सरकारको कोभिड–१९ को महामारीको प्रभावबाट रोजगारी र आय आर्जनको अवसर गुमाएका अनौपचारिक तथा असङ्गठित क्षेत्रमा रहेका अतिबिपन्न गरिव परिवारलाई राहत स्वरुप एक पटकका लागि प्रति परिवार रु.१००००।–(दश हजार) का दरले नगद अनुदान प्रदान गर्ने कार्यक्रम अनुरुप अर्थ मन्त्रालयको मिति २०७८/०७/२५ गतेको प्रकाशित **"कोभिड–१९ को महामारीबाट प्रभावित अति बिपन्न परिवार नगद हस्तान्तरण सम्बन्धी सूचना"**अनुसार उक्त अनुदान प्राप्त गर्न सूचनाको खण्ड (क) मा उल्लेखित देहायको मापदण्ड बमोजिम योग्य परिवारले आफ्नो वडा कार्यालयमा सम्पर्क राखी १० दिन भित्र निवेदन पेश गर्न हुन सम्बन्धित सबैमा जानकारीको लागि गो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा वडा कार्यालयबाट उपलब्ध हुने व्यहोरा अनुरोध छ ।

### (क) नगद राहत प्राप्त गर्न योग्य लाभग्राही :

(१) विगतमा गर्दै आएको रोजगारी पूर्णरुपमा गुमाएको र रोजगारीको अर्को अवसर समेत प्राप्त गर्न नसकी बेरोजगार भएको असङ्गठित क्षेत्रको मजदुर वा कामदार,
(२) खुला सडक, फुटपाथ वा चौरमा खर्पन, नाङ्लो, डोको, आदिमा सामान बेच्ने अति बिपन्न व्यवसायी,
(३) दैनिक ज्याला–मजदुरी गर्ने भरिया, कृषि मजदुर, गोठाला, खेताला, ज्यालादारी श्रमिक, रिक्साचालक, ठेलागाडा मजदुर, सार्वजनिक यातायात मजदुर, पर्यटक भरिया,
(४) कोभिड–१९ को संक्रमणको कारणबाट एकाघरपरिवारको आयआर्जन गर्ने मुख्य सदस्यको मृत्यु भइ आर्थिक सङ्कट झेल्नु परेको परिवार तथा अभिभावक गुमाएका असहाय नाबालकलाई स्याहार गर्ने परिवार ।

### (ख) नगद राहत प्राप्त गर्न अयोग्य परिवार :

(१) निवेदन दिँदाको समयमा निवेदकको एकाघरपरिवारका कुनै सदस्यले सरकारी, निजी वा अन्य कुनै संघ संस्था वा वैदेशिक रोजगारीमा स्थायी, अस्थायी वा करारमा रोजगारीको अवसर प्राप्त गरी आयआर्जन गरिहेको,
(२) परिवारको कुनै सदस्यले नेपाल सरकारबाट उपलब्ध हुने अन्य सामाजिक सुरक्षा (जेष्ठ नागरिक, एकल महिला, दलित वा अपाङ्गता ) वापतको भत्ता वा नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थाबाट निवृतिभरण वा विदेशी सरकारबाट पेन्सन सुविधा प्राप्त गरिरहेको,
(३) सञ्चित आय वा पैत्रिक सम्पतिबाट तत्कालको खर्च आवश्यकता पूरा गर्न सक्ने अवस्थामा रहेको,
(४) प्रधानमन्त्री रोजगार कार्यक्रम वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यक्रम बमोजिम यस प्रयोजनका लागि एक पटक राहतको रुपमा नगद प्राप्त गरेको परिवार ।

..............................
दुहवी नगरपालिका
**बिनोद कुमार न्यौपाने**
प्रमुख प्रशासकीय अधिकृत